नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

मितिः- २०७६/०७/२०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

सूचना प्रकाशित मितिः २०७६ कार्तिक २० गते

## फर्निचर तथा मेशिनरी सामाग्रीहरु लिलाम बिक्री हुने सम्बन्धी १५(पन्ध्र) दिने सूचना

सपना कुमारी भट्टराई

आर्थिक कार्यविधि ऐन, २०६४ (संशोधन सहित) को परिच्छेद ६ को नियम ४६, ४७ र ४८ बमोजिम आ.व. ०७५/७६ सम्म यस कार्यालयमा खप्ने जिन्सी अभिखेलमा आम्दानी बाधिएका कम्प्युटर, इलेक्ट्रोनिक्स र फर्निचर सामग्रीहरु लिलाम बिक्री गर्न यस कार्यालयबाट मिति २०७६/०६/१२ गते गठन भएको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनको न्यूनतम मूल्यमा नघट्ने गरी तल उल्लेखित शर्तहरुको अधिनमा रहि लिलाम बढाबढको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:-**

(क) माल समानको विवरण :- फर्निचर, कम्प्युटर, ईलेक्ट्रोनिक्स सामानहरु ।

(ख) माल समानको न्यूनतम मूल्य :- रु. ४६,०७५/-(अक्षेरेपी छयालिस हजार पच्हत्तर रुपैया मात्र)

(ग) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :- मिति २०७६ साल मंसिर ०४ गते दिनको २:०० बजेसम्म कार्यालय समयसम्म ।

(घ) लिलाम बढाबढ हुने स्थान, समय र मिति :- जिल्ला प्रशासन कार्यालय, रसुवा । मिति २०७६ साल मंसिर ०४ गते दिनको ३:०० बजे ।

(ङ) लिलाम बढाबढ न्यूनतम मूल्यबाट नै शुरु हुनेछ ।

(च) लिलाम सकार डाँक गर्ने बोल्नु अघि न्यूनतम मूल्यको पाँच प्रतिशत हुने रकम धरौटी स्वरुप जिल्ला प्रशासन कार्यालयको नेपाल बैंक लि., धुन्चे शाखामा रहेको धरौटी खाता नं. १ ख ३ मा जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नु पर्नेछ । डाँक अंक बढदै जादाँ सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ ।

(छ) लिलाम साकारले गरेको सात दिन भित्र उठाई सक्नु पर्नेछ ।

(ज) लिलाम गर्न तोकिएको सबै प्रकारका सामानहरु जे जस्तो अवस्थामा फिल्डमा रहेको छ सोही अवस्थामै लिलाम सकार गर्नु पर्नेछ ।

(झ) लिलाम सकार गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले रु.१००० (एक हजार रुपैया) को बोलपत्र फारम यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

(ञ) आवश्यक कागजातहरुः
- व्यक्तिको लागिः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- संस्था वा कम्पनीको लागिः संस्था दर्ता प्रमाणपत्र, इजाजतपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता कागजात ।

(ट) माथि उल्लेखित भएका शर्तहरुको अलावा अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछन् । थप सूचना तथा जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहोला ।